# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १०, संख्याः ४, श्रावण ४ गते, २०८३ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका नगर प्रहरी नियमावली (दोस्रो संशोधन), २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।४।१

व्यास नगरपालिका नगर प्रहरी नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम व्यास नगरपालिकाको कार्यपालिकाबाट व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| १. | नियम १२ (१) (क) दरखास्त आब्हान भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र ३० वर्ष ननाघेको । | दरखास्त आब्हान भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र ४५ वर्ष ननाघेको । |
| २. | नियम १२ (१) (ख) स्वीकृत विश्वविद्यालयबाट घटीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | घटीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको वा नेपाल प्रहरी, सशस्त्र प्रहरीको न्यूनतम प्रहरी निरीक्षक सम्मको वा नेपाली सेनाको उपसेनानी सम्मको पदमा रही काम गरी सकेको । |
| ३. | नियम १३ पदपूर्ति समिति : | यस नियमावली अनुसार नियुक्त हुने प्रहरीहरु छनौट गरी |

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| | नगरपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीहरुको लागि समेत पदपूर्ति गर्ने पदपूर्ति समिति मानिने छ । नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गर्न सकिनेछ । | सफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यपालिकाले तोके अनुसार पदपूर्ति समिति रहनेछ । |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत